# काठेखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:६ संख्या:१ मिति: २०७४/१०/०८

**भाग-१**

काठेखोला **गाउँपालिका**

# काठेखोला गाउँपालिकाको स्थानिय स्वास्थ्य तथा सरसफाई विधेयक, २०७९

# काठेखोला गाउँपालिकाको स्थानिय स्वास्थ्य तथा सरसफाई विधेयक, २०७९

प्रमाणीकरण मिति : २०७९/१०/१३

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७९/१०/१३

## प्रस्तावना :-

स्थानिय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको प्रमुख जिम्मेवारी रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कनुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले " नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) अनुसार सोही संविधानको अनुसूची ८ को वुँदा नं ९" को अधिकारलाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम काठेखोला गाउँसभाले यो विधेयक तर्जुमा गरेको छ।

## परिच्छेद :- १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस ऐनलाई "काठेखोला गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७९" भनिनेछ।

(ख) गाउँ सभावाट स्विकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात काठेखोला गाउँपालिका भित्र लागु हुनेछ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रमुख" भन्नाले काठेखोला गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ख) "उप-प्रमुख" भन्नाले काठेखोला गाउँपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ।

(ग) "ऐनः भन्नाले काठेखोला गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७९ लाई सम्झनु पर्छ।

(घ) "संघिय ऐनः भन्नाले स्वास्थ्य सम्वन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले काठेखोला गाउँपालिकाको गाउँ कार्यापालिकालाई सम्झनु पर्छ।

(च) "गाउँपालिका" भन्नाले काठेखोला गाउँपालिकालाई सम्झनुपर्छ।

(छ) "गाउँसभा" भन्नाले काठेखोला गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले काठेखोला गाउँपालिकाको प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ।

(झ) "वडा अध्यक्ष" भन्नाले काठेखोला गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ।

(ञ) "वडा समिति" भन्नाले काठेखोला गाउँपालिकको वडा अध्यक्ष र सदश्य रहेको वडा समितिलाई सम्झनुपर्छ।

(ट) "स्वास्थ्य शाखा" भन्नाले काठेखोला गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागि तोकिएको शाखा\उपशाखा\इकाई सम्झनुपर्छ।

(ठ) "सरकारी वा सामुदयिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(ड) "निजी" भन्नाले सेवाको संगसंगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनुपर्छ।

(ढ) "ट्रष्ट लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ण) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(त) "समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई समितिलाई सम्झनुपर्छ।

(थ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित गैर सरकारी वा निजी सहकारी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(द) "गैर सरकारी स्वास्थ्य संस्था" भन्नाले निजी क्षेत्र,ट्रष्ट वा लोककल्याणकारी,गुठी लगायतका संस्थाहरुबाट सेवाको साथ-साथै नाफामूलक वा गैर नाफामूलक उदेश्यले गाउँपालिकामा दर्ता भई कार्य गरिरहेका सबै प्रकारका स्वास्थ्य संस्थाहरु

जस्तैलाई सम्झनु पर्दछ ।

(ध) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या सम्बन्धी हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(न) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।

(प) "सेवाप्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका बिषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक,स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्छ ।

(फ) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ब) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा(एलोप्याथी),आयुर्वेद,होमीयोप्याथी,यूनानी,प्राकृतिक चिकित्सा,योग, अकुपन्चर चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरीने प्रतिकरात्मक,प्रवर्द्धनात्मक,निदानात्मक,उपचरात्मक, पुनर्स्थापनात्मक र प्रशामक (प्यालिएटिभ) सेवा सम्झनु पर्दछ ।

(भ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले संघीय ऐनमा उल्लेखित आम नागरिकको स्वास्थ्य आवश्यक्ता पूर्तिका लागि राज्यवाट सुलभ रुपमा नि :शुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक,प्रतिकरात्मक,निदानात्मक,उपचरात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(म) "स्वास्थ्य सेवा व्यवसाय" भन्नाले स्वास्थ्य उपचारको लागि चाहिने सवै प्रकारका औषधी,औजार,उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग,ढुवानी,भण्डारण,विक्री वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यवसायलाई बुझ्नु पर्छ ।

## परिच्छेद :- २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्थापन

**३.आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :-**स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

**(क) सरकारी वा सामुदायिक** :- सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य सेवा केन्द्र,सामुदायिक स्वास्थ्य इकाई,आयुर्वेद तथा चिकित्सा केन्द्र,गाउँघर क्लिनिक,खोप केन्द्र, आयुर्वेद केन्द्रहरु वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ख) निजी** :- निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल,नर्सिङ होम,पोलिक्लिनिक वा प्रयोगशाला,फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्ट :-** ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र,घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापडण्ड** :- स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. स्वास्थ्य सेवा तथा सरसफाई समिति गठन तथा काम,कर्तव्य र अधिकार :-** (१) स्थानीय गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्था हरुको रेखदेख,अनुगमन र नियमन गर्न गाउँपालिका स्तरीय स्वास्थ्य सेवा तथा सरसफाई समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा तथा सरसफाई समितिको गठन यस प्रकार हुनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष --------------------अध्यक्ष

(ख) सामाजिक विकास समितिका संयोजक ------------- सदस्य

(ग) गाउँसभाका सदस्य मध्येवाट अध्यक्षले तोकेको महिला सदस्य १ जना ---------------- सदस्य

(घ) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्ये अध्यक्षले तोकेको १ जना ---------------------सदस्य

(ङ) आमा समुह र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येवाट अध्यक्षले तोकेको १\१ जना -----------सदस्य

(च) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये अध्यक्षले तोकेको १ जना ---------सदस्य

(छ) प्रमुख प्रशासकिय अधिकृत ----------------सदस्य

(छ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख ------------------------सदस्य सचिव

**(३) उपदफा (२) बमोजिम गठन भएको स्वास्थ्य सेवा तथा सरसफाई समितिको काम,कर्तब्य र अधिकार देहाय अनुसार हुनेछ ।**

(क)आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ नीति,योजना तथा कार्यक्रम तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति,स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकासन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदाय पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ज)गाउँ कार्यापालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव पेश गर्ने ।

(झ)तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(३) स्थानीय नागरिक आरोग्य समितिको व्यवस्था** :- (१) स्थानीय तहमा कार्यक्रम कार्यान्वियन र आवश्यक समन्वय गर्नको लागि देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) गाउँपालिकाको प्रमुख\ उप-प्रमुख -----------------संयोजक

(ख) गाउँपालिकाको स्थानीय तहको अस्पताल वा स्वास्थ्य संस्था प्रमुख --------सदस्य

(ग) गाउँपालिकाको स्थानीय तहको स्वास्थ्य शाखा प्रमुख ------------------सदस्य

(घ) गाउँपालिकाको स्थानीय तहको शिक्षा शाखा प्रमुख ---------------------सदस्य

(ङ) गाउँपालिकाको स्थानीय तहबाट संयोजकले मनोनित गरेका स्वास्थ्यका २ जना अभियन्ता -----------सदस्य

(च) प्रमुख,आयुर्वेद औषधालय ---------------------सदस्य सचिव

(४) समितिको काम,कर्तव्य र अधिकार :- बुँदा नं ८ बमोजिमको समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय स्तरमा कार्यक्रमको नीति तथा योजना बनाउने र कार्यन्वयन गराउने ।

(ख) वडस्तरिय अभिमुखीकरण गराउने ।

(ग) कार्यक्रमको लागि स्रोत-साधनको व्यवस्था गर्ने गराउने ।

(घ) जिल्ला नागरिक आरोग्य समिति तथा प्रदेश नागरिक आरोग्य समितिलाई सुझाव सहितको प्रतिवेदन दिने ।

(ङ) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने ।

(च) कार्यक्रमको अनुगमन गरी सुधारका लागि सहजीकरण गर्ने ।

(छ) संघीय नागरिक आरोग्य समिति र प्रदेश नागरिक आरोग्य समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम,कर्तव्य र अधिकार** :- (१) समुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी,सामुदायिक स्वास्थ्य इकाई, आधारभूत स्वास्थ्य सेवा केन्द्र,आयुर्वेद औषधालय व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टा छुट्टै व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समिति निम्नानुसार हुनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष ----------------संरक्षक

(ख) गाउँपालिका भित्र पर्ने स्वास्थ्य चौकी अवस्थित वडाको अध्यक्ष ---- ----------अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येवाट १ जना ---------------- उपाध्यक्ष

(घ) स्वास्थ्य चौकी क्षेत्र रहेको विद्यालयका प्रध्यानाध्यापक\प्राचार्य\ मध्येवाट १ जना वडा अध्यक्षले मनोनित गरेको महिला शिक्षिका ------सदस्य

(ङ) स्थानिय व्यापार संघको प्रतिनिधि(व्यापारी) वडा अध्यक्षले मनोनित गरेको १ जना ----------------सदस्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येवाट वडा अध्यक्षले तोकेको १ जना ---------सदस्य

(छ) सम्वन्धित वडा कार्यालयको वडा सचीव ---- सदस्य

(ज) स्वास्थ्य चौकी प्रमुख -------------- सदस्य सचिव

**(३) सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन समिति निम्नासार हुनेछ ।**

(क) गाउँपालिकाको अध्यक्ष ---------------------संरक्षक

(ख) गाउँपालिका भित्र पर्ने सामुदायिक स्वास्थ्य इकाई अवस्थित वडाको अध्यक्ष ----------अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदश्यहरु मध्येवाट १ जना ---------------- उपाध्यक्ष

(घ) स्वास्थ्य चौकी क्षेत्र रहेको विद्यालयका प्रध्यानाध्यापक\प्राचार्य\ मध्येवाट १ जना वडा अध्यक्षले मनोनित गरेको महिला शिक्षिका ------सदस्य

(ङ) स्थानिय व्यापार संघको प्रतिनिधि(व्यापारी) वडा अध्यक्षले मनोनित गरेको १ जना ------------------- सदस्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येवाट वडा अध्यक्षले तोकेको १ जना --------- सदस्य

(छ) सम्वन्धित वडा कार्यालयको वडा सचीव ----------------------- सदस्य

(ज) सामुदायिक स्वास्थ्य इकाई प्रमुख ------------------- सदस्य सचिव

**(४) आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापन समिति निम्नानुसार हुनेछ।**

(क) गाउँपालिकाको अध्यक्ष ---------------------संरक्षक

(ख) गाउँपालिका भित्र पर्ने आयुर्वेद औषधालय अवस्थित वडाको प्रमुख ----------अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदश्यहरु मध्येवाट १ जना -------------- उपाध्यक्ष

(घ) आयुर्वेद औषधालय रहेको क्षेत्रको विद्यालयका प्रमुख\प्राचार्य\ शिक्षिका मध्येवाट १ जना महिला -----सदश्य

(ङ) स्थानिय व्यापार संघको प्रतिनिधि (व्यापारी) १ जना ------------------- सदश्य

(च) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येवाट १ जना --------सदश्य

(छ) वडा कार्यालयका अधिकृत \वडा सचीव ----------------------- सदश्य

(ज) आयुर्वेद औषधालय प्रमुख ------------------------ सदश्य सचिव

**५. उपदफा(२) (३) (४) बमोजिम गठित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका काम,कर्तव्य निम्नानुसार हुनेछन्।**

(क) आफ्नो स्वास्थ्य संस्थावाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण,कार्यान्वियन तथा उपलब्धिको समिक्षा गर्ने। बार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने।

(ख) आफ्नो स्वास्थ्य संस्थाको बार्षिक योजना बनाई सम्वन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने।

(ग) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको नियमित बैठक गर्ने,स्वास्थ्य संस्थामा परेको समश्याहरुको समाधानमा आवश्यक कार्य गर्ने।

(घ) गाउँपालिकाले वनाएको आवधिक कार्यक्रम कार्यान्वियन,अनुगमन,समीक्षा र आवधिक प्रतिवेदन तयार गरी सम्वन्धित तहमा पेश गर्ने।

(ङ) स्वास्थ्य संस्थाको भौतिक सम्पतिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने।

(च) स्वास्थ्य सेवावाट वञ्चित स्थानिय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने।

(छ) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार,औषधी,स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रवाहाको गुणस्तरीय सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने।

(ज) सामुदायिक स्वास्थ्य इकाई,स्वास्थ्य चौकी तथा आयुर्वेद औषधालयको उन्नती र विकासको सम्बन्धमा आवश्यक नीति,योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।

(झ) गाउँपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन संग सम्बन्धित बिषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने।

(ञ) स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने।

(ट) सम्वन्धित स्वास्थ्य संस्थाका कर्मचारीहरुको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने।

(ठ) स्वास्थ्य सेवाका घुम्ति शिविरहरु सञ्चालन गर्न सम्वन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने।

(ड) केन्द्र,प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने।

(ढ) स्थानीय स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय सरकारका तर्फवाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

**७. बैंक खाता सञ्चालन :-** (१) हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थाको बैंक खाता सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष र सदश्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) उपदफा (२) वमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके वमोजिम हुनेछ ।

# परिच्छेद :- ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड** :- (१) गाउँपालिका भित्र सञ्चालन हुने अस्पताल तथा स्वास्थ्य संस्थाहरुको सञ्चालन मापदण्ड देहाय अनुसार तोक्नेछ ।

(क) **अस्पताल :-** संघीय सरकार वा प्रदेश सरकारवाट तोकिएको न्यूनयम मापदण्ड र आफैंले तोकेको थप मापदण्डमा १५ शैया सम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ ।यस्तो अस्पताल सञ्चालन गर्न गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

**(२) स्वास्थ्य चौकी** :- गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी सञ्चालन गर्नु पर्नेछ ।

**(क) जनशक्ति :-** अधिकृत स्तरको स्वास्थ्यकर्मी १ जना,स्वास्थ्य सहायक पाँचौ र चौंथो स्तरको १\१ जना

अ.न.मी. पाँचौ र चौंथो सहायक स्तरको १\१ जना र ल्याव असिष्टेण्ट तथा सहायक कर्मचारीहरु

**(ख) भवन कोठा :-** प्रशासन कक्ष,औषधी भण्डारण तथा वितरण कक्ष,प्रसुति तथा गर्भवति जाँच सेवा कक्ष,उत्तर प्रसुति सेवा कक्ष,परिवार नियोजन सेवा प्रदान कक्ष,ओ.टि.सी. सेवा कक्ष,ल्यावसेवा कक्ष,विरामी कुरुवा कक्ष, जस्ता सुविधा सहितको भवन ।

**(ग) उपकरण :-** प्राथमिक उपचारका आधारभूत उपकरण,सुत्केरी सेवाका लागि अति आवश्यक उपकरण तथा समाग्रीहरु,...................................................................।

(घ) स्वास्थ्य संस्थामा प्रक्रिया पुर्याई फार्मेसी सेवा सञ्चालन अनुमति दिन सक्नेछ ।

(३) गाउँपालिका क्षेत्र भित्र जडिवुटी,प्राकृतिक चिकित्सा,योगा ध्यान लगायतका रोकथाम मुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसंगको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

**(क) जनशक्ति :-** कविराज १ जना(पाँचौ,छैठौं वा सातौं),बैध १ जना (चौंथो,पाँचौ वा छैठौं),अ.न.मी. १ जना (चौंथो,पाँचौं वा छैठौं ) तथा सहायक कर्मचारीहरु २ जना

**९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने :-** (१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैया सम्मको सञ्चालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाइमा अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँपालिकाले ३५ दिनको समयभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमती प्रदान गर्न सक्ने ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृती प्रदान नगर्न सकिनेछ ।

**१०. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड** :- गाउँपालिकाको स्वीकृतीमा सञ्चालन हुने अस्पतालहरुले देहाय

अनुसारको मापदङ्ड पुरा गर्नु पर्नेछ ।

(१) **जनशक्ति :-** कम्तिमा २ जना एमविविएस डाक्टर\वि ए एम एस १ जना,कम्तिमा ४ जना स्टाफ नर्स,कम्तिमा १ जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी तथा १ जना कविराज

(२) **भवन तथा कोठा** :- दर्ता चलानी,वहिरंग सेवा,इमर्जेन्सी कक्ष, भर्ना भएका विरामी राख्ने क्याविन,नर्सिङ कक्ष, प्रशासन कक्ष,आयुर्वेद थेरापि पञ्चकर्म सञ्चालन कक्ष, पर्किङ सुविधा

(३) **उपकरण र पूर्वाधार :-** सडक नेटवर्कले जोडिएको,एम्वुलेन्स सेवाको उपलव्धता,विरामी राख्ने वेड र लाईफ सपोर्ट सिष्टम,२४ घण्टा विद्युत र खानेपानी सेवा भएको,अक्सिजनको व्यवस्था,चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनु पर्ने ।

**११.पोलिक्लिनिक सञ्चालनको अनुमति :-** (१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

**१२. प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन :-** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय

बमोजिमको विवरण सहित गाउँपालिकावाट स्वीकृत लिनु पर्नेछ ।

(१) सञ्चालकको विवरण र नागरिक्ताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन गर्ने स्थान,घरधनी र सञ्चालकवीचको घरभाडा स्म्वन्धी संझौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ बर्षको अध्ययन गरेको व्यक्तीको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलव्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

**१३. फार्मेसी सञ्चालनको अनुमती :-** (१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनु

पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान,विक्री वितरण गर्ने औषधीका प्रकार

र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने।

(४) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाणपत्र,लाइसेन्स,परिषदमा दर्ता गरेको प्रमाणपत्र, नागरिक्ता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने।

(५) फार्मेसी सञ्चालनको अनुमती सम्वन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने :-** (१) स्वास्थ्य संस्था, प्रयोगशाला,फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृती लिंदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रूपमा मापदण्ड पुरा गरेको पाईएमा आधारभूत स्वास्थ्य तथा सरसफाई समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिश गर्न सक्नेछ।
(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बाहेकका ब्यक्तिले रगत,दिशापिसाब,खकार लगायतको परिक्षण संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने,सञ्चालकलाई कालोसूचीमा राखी सो को जनाकारी आम जनतालाई दिइनेछ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले बेचेको पाईएमा सचेत गराउने,जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिनेछ।

**१५. सहुलियत छुटको व्यवस्था गर्नुपर्ने :-** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

## परिच्छेद :- ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्वन्धी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापन** :- (१) गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेबा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन्।

**(क) स्थायी :-** नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

**(ख) करार :-** स्थानिय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करारसेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

**(ग) अभ्यासकर्ता :-** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थामा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्याकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यासकर्तालाई वढीमा १ बर्षको लागि भर्ना गर्न सकिने छ।

(घ) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

**१७. अभियानकर्ता \ स्वास्थ्य स्वयंसेविकाको व्यवस्था :-** (१) स्वास्थ्य सेवालाई घरघरको पहँचमा पुर्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष\ महिला स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ।

(२) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष\महिला अभियानकर्ताहरु नियुक्तिका लागि २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको,शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनु पर्नेछ।

(३) एउटा वडामा अधिकतम संख्या १० हुने गरि औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्नसक्ने छ।
(४) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी १० दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यक्ता अनुसार तालिम अभिमुखिकरण प्रदान गर्नेछ।

(५) यस भन्दा पहिले देखि नै कार्यरत महिला सामुदायिक स्वयंसेविकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरि विदाई गरिनेछ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधा :- (१) स्थायी स्वास्थ्यकर्मी :-** नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव र स्थानिय गाउँपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा

**(२) करार स्वास्थ्यकर्मी :-** प्रचलित तलव स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलव्ध गराउन सकिनेछ।

**(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी :-** निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलव्ध गराउन सकिनेछ।

**(४) अभियानकर्ता \स्वयंसेविका :-** पोशाक,वार्षिक रुपमा सञ्चार तथा यातायात खर्च ,स्वास्थ्य संस्थालाई आवश्यक्ता परेको वखत काममा खटाईएमा सो दिनको पारिश्रमिक,स्वास्थ्य सेवा सम्वन्धी अभियानमा खटाईएको समयमा दिईने पारिश्रमीक जस्ता सुविधाहरु उपलव्ध गराउन सकिनेछ।

(६) **कर्मचारीको विदा सुविधा :-** कर्मचारीहरुको विदा संघीय र प्रादेशिक ऐन अनुसार हुनेछ।

**१९. स्वास्थ्यकर्मी दरवन्दी निर्धारण र नियुक्ती** :- (१) सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँपालिकाले निर्धारण गर्नेछ।

(२) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारवाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मी रहने छन्। समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ती गर्न सक्ने छ।

(३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करारमा नियुक्ती गर्नुपर्ने भएमा करार नियुक्ती सम्वन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिवाट हुनेछ :-

(क) गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई समितिको अध्यक्ष ---------संयोजक

(ख) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत ----------------------------------सदश्य

( ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख -----------------------------------------सदश्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**२०. कर्मचारीको सरुवा :-** (१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ बर्षको सेवा गरे पश्चात

स्वास्थ्य संस्थामा सरुवा हुनुपर्ने छ। विशेष परिस्थिती बाहेक न्यूनतम ३ बर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ। (२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ बर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन्। यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने,विषयगत दरवन्दी आवश्यक नरहेको,स्वास्थ्य समश्या,पतिपत्नी संगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ।

**२१. कार्यसम्पादन करार सम्झौता गर्न सकिने :-** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्य सम्पादन करार सम्झौताको

प्रकृया अवलम्वन गर्न सकिनेछ।

(२) गाउँपालिका अध्यक्षको रोहवारमा प्रमुख प्रशासकिय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसंग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरु संग र प्रमुखले अन्य कर्मचारीहरुसंग कार्य सम्पादन करार सम्झौता गर्न सकिनेछ।

(३) कार्य सम्पादन करार सम्झौता ६ महिनाको हुनेछ।करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकिय अधिकृतले आर्थिक बर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(४) बार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी गाउँपालिकामा पेश गर्नु पर्नेछ।

२२. **कार्य सम्पादन मूल्यांकन र सजाँय तथा पुरस्कार :-** (१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको

आधारमा मूल्यांकन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कार्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल

गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्य सम्पादन सम्झौताको मूल्यांकन, पुरस्कार र सजाँय गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

# परिच्छेद :- ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्था

२३. **वार्षिक खरिद योजना बनाउनु पर्ने :-** (१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको

अनुमान र खरिद गर्न बार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ ।

२४. **औषधी तथा स्वास्थ्य उपकरण खरिद :-** (१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अगाडी वढाउनेछ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा संघीय सार्वजनिक खरिद ऐन,नियमावली र गाउँपालिकाको सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार गर्नुपर्ने छ ।

(२५) **औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :-** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउनेछ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्नेछ ।खरिदको परिमाण निर्धारण सम्वन्धित वडा स्थित स्वास्थ्य चौकीले माग गरे वमोजिम २०% नवढाइकन गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले खरिद गरेको उपकण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजिक गर्नपर्नेछ ।

(४) सम्वन्धित सामुदायिक स्वास्थ्य संस्थाले गाउँपालिकावाट प्राप्त गरेको उपकरण र औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत गाउँपाललिकामा वुझाउनु पर्नेछ ।

# परिच्छेद :- ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्वन्धी व्यवस्था

(२६) **स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :-** (१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकिय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानिय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

(२७) **सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन :-** (१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्था गर्नेछ ।

( २) आवश्यक्तानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

(३) संघ,प्रदेश मार्फत सञ्चालन गरिने स्वास्थ्य सेवाका कार्यक्रम र क्रियाकलापहरु बाहेक अन्य स्वास्थ्य सम्वन्धी प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु काठेखोला गाउँपालिकाले वडा भित्र सञ्चालन गर्नेछ साथै बिभिन्न संघ संस्थाले काठेखोला गाउँपालिकाकको साझेदारीमा स्वास्थ्य सम्वन्धी कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

२८. **सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :-** (१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनीप्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमण समितिले आवश्यक व्यवस्था मिलाउने छ।

(२) प्रदुषण वढाउने उद्योग,संस्थान वा व्यक्तिलाई सो व्यक्तीलाई सो सम्वन्धी सचेत गराउन र वाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न गर्न सक्नेछ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड,जरिवाना तथा अन्य कारवाही सम्वन्धी व्यवस्था मिलाउन सक्नेछ ।

# परिच्छेद :- ७

## महामरी रोकथाम,फोहोरमैला व्यवस्थापन सम्वन्धी व्यवस्था

**(२९) रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :-** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**(३०) महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने :-** (१) स्थानीय स्तरमा रोगको महामारी फैलिएका गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न,अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीवाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने,आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार,प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) गाउँपालिका भित्र महामारी नियन्त्रण गर्नको लागि कोष स्थापना गरि सञ्चालन गर्नसक्नेछ ।

**(३१) सूर्ती,मदिरा तथा सूर्तीजन्य पदार्थको नियमन :-** (१) सूर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकावाट छुट्टै अनुमती लिन पर्नेछ ।

(२) खाद्य पदार्थ विक्री गर्ने पसलमा सूर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न वन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ ।

(४) विद्यालय,सरकारी कार्यालय,हाटवजार र मेला महोत्सव हुने क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(५) खाद्य पदार्थसंगै सूर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गरेमा,निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

**(३२) सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :-** (१) गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तीगत,घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक बर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकवाट अनुमोदन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालय फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको शौचालय,ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहोरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाईएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

# परिच्छेद :- ८

# विविध

**३३. प्राईभेट मेडिकल कलेज,अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :-** (१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान,अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकरात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउने** :- स्वास्थ्य सेवा सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश

सरकारले सञ्चालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ।

**३५. नियमन गर्नुपर्ने :-** आमा समुह, धामी झाँक्री सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

**३६. प्रगति विवरण बुझाउनु पर्ने :-** गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्वन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण चौमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ।

**३७. साझेदारी गर्न सक्ने :-** गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय,निजी व्यवसायी, सामाजिक संघ\संस्था,ट्रष्ट र व्यक्तीहरुसंग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी,उपकरण,विशेषज्ञ सीपरहरुको सहायता प्राप्त गर्न सक्नेछ।

**३८. पुनरावेदन** :- तोकिएको अधिकारीले गरेको सजाँयको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ।

**३९. नियम वनाउने अधिकार :-** (१) यस ऐनले उदेश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम वनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

४०. संक्रमणकालीन व्यवस्था:-यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यापालिकाले गर्न सक्नेछ।

**४१. बाधा अडकाउ फुकाउने अधिकार :-** (१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै बाध अडकाउ परेमा गाउँ कार्यापालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा भए सरह मानिनेछ।

(२) उपदफा (१) बमोजिमको आदेश गाउँसभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत : निष्कृय हुनेछ।

**४२. बचाउ र लागू नहुने** :- (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) संविधानसंग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वत : निस्क्रीय हुनेछ।

खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत